# अनुसन्धानको भाषा

– डा. लक्ष्मीशरण अधिकारी

**सार**

*प्रस्तुत लेख साहित्यको अनुसन्धान लेखनमा प्रयोग गरिने भाषा के कस्तो हुनु पर्छ भन्ने विषयमा केन्द्रित छ । यसमा स्पष्ट, वस्तुगत, तार्किक र पूर्वाग्रहरहित भाषाको प्रयोगले अनुसन्धान गहन हुन्छ भन्ने विचार व्यक्त छ । कर्तृवाच्यको प्रयोगले स्पष्ट निर्णय दिन सघाउने हुँदा कर्तृवाच्यको प्रयोगमा जोड दिनु पर्छ । आलङ्कारिक, व्यञ्जनात्मक भाषाले ठोस विचार प्रकट नगर्ने हुँदा अभिधामूलक भाषाको प्रयोग गर्नु उपयुक्त हुन्छ । शोध औपचारिक प्रक्रिया भएकाले मानक भाषाको प्रयोग उपयुक्त मानिन्छ । सुरूदेखि अन्त्यसम्म वर्णविन्यासगत एकरूपता कायम गर्नु पर्छ । अरूका विचारलाई स्रोत दिएर मात्र उपयोग गर्नुपर्छ । लामा वाक्यहरू काँटछाँट गर्ने, अति छोटा वाक्यहरू जोड्ने, लामा अनुच्छेद नबनाउने, अनुच्छेदमा नजोडिएका वाक्यहरू हटाउने, एकता र व्यवस्थापनमा जोड दिने कुरामा सचेत रहनु पर्छ । प्रत्येक शब्द, वाक्य र अनुच्छेद लेख्दा कहाँनेर त्रुटि भएको छ भन्ने कुरामा सचेतता अपनाई पुनर्लेखन गरिरहनु पर्छ ।*

**मुख्य शब्द** – प्रभावशाली वाक्य, वस्तुपरक र मानक भाषा , कर्तृवाच्य, अभिधा, पूर्वाग्रहरहित भाषा , लैङ्गिक तटस्थटता, पुनर्लेखन, एकरूपता ।

### १. विषय प्रवेश

भाषाको मूल प्रयोजन सम्प्रेषण हो । भाषाको एउटा प्रयोक्ताले सन्देश दिन्छ भने अर्को प्रयोक्ताले सन्देश ग्रहण गर्छ । सन्देशमा केही तथ्य हुन्छ जुन व्यक्त वा अव्यक्त रूपमा रहन्छ (कुमार, २००१ : २८) । साहित्यको सन्देश व्यञ्जनापरक, निजात्मक, भावात्मक र अव्यक्त हुन्छ भने अनुसन्धानको सन्देश सोझो, वस्तुपरक र व्यक्त हुन्छ । साहित्यको प्रकृति भावप्रधान छ भने अनुसन्धानको प्रकृति ज्ञानप्रधान छ । अनुसन्धान औपचारिक, व्यवस्थित र बौद्धिक ढङ्गले गरिने खोजी हो । भाषाको सही किसिमको प्रयोगले कथनलाई प्रभावकारी र विश्वासनीय तुल्याउँछ । साहित्यिक अनुसन्धानमा प्रयोग गरिने भाषाको स्वरूप निम्न लिखित विशेषताले युक्त हुनु उपयुक्त हुन्छ ।

### २. प्रभावशाली वाक्यको प्रयोग

जुन वाक्यहरूले सरल रूपमा खरो विचार प्रवाह गर्छन् त्यस्ता वाक्यहरू प्रभावशाली हुन्छन् (अरोरा, २०१२ : ३) । विषयलाई ग्राहय, प्रिय तथा स्पष्ट बनाउनमा वाक्यहरूको पनि भूमिका हुन्छ । लेखाइ विषयका कारणले जति प्रभावकारी हुन्छ, स्पष्टताका कारणले पनि त्यति नै प्रभावकारी र पठनीय हुन्छ । विचारको क्रमिक विकास र व्यवस्थापन, भाषिक संरचनामाथिको हकधक र सही ठाउँमा सही शब्दको छनोट जस्ता पक्षलाई ध्यान दिँदा लेखाइ बलियो हुन्छ । बुझिने खालका तत्सम शब्दको प्रयोग गर्दा भन्न खोजेको कुरा सही रूपमा व्यक्त हुन्छ । त्यस्तै पारिभाषिक शब्द

(रस, अलङ्कार, वक्रोक्ति, ध्वनि जस्ता साहित्य निकट, चेतन, अचेतन, स्वपीडन, परपीडन, मातृरति ग्रन्थी, पितृरति ग्रन्थी जस्ता मनोविश्लेषण निकट), साहित्य निकट विशिष्ट शब्द(रूप, कथ्य, वस्तु, शैली), आफ्ना क्षेत्रका प्राविधिक शब्द (अभियन्ता) , एकल शब्द (बिस्कुन), समस्त शब्द (चन्द्रमुखी), रूढ शब्द (दृष्टिगोचर), प्रयोग गरेर भन्न खोजेका कुरालाई चुस्त, दुरूस्त र आकर्षक तुल्याउन सकिन्छ । लेखाइमा सबै भन्दा ठुलो चुनौती भनेको विचार गरेका कुरालाई ठ्याक्कै सोचेका शब्द, वाक्यंश, वाक्य र अनुच्छेदमा उतार्नु हो र सँगसँगै त्यसलाई चाखलाग्दो बनाउनु हो (जिबल्दी, २००३ : ६०) । राम्रो विचारले वस्तुगतता खोज्ने हुनाले अनुसन्धानमूलक लेखमा बिम्ब, प्रतीक, उखान, टुक्काको प्रयोग गर्नु हुँदैन ।

सरल वाक्यमा सहजबोध्यता, श्रुतिमधुरता र श्रुतिलाघवता जस्ता गुण हुने हुँदा अनुसन्धानमूलक लेखमा सरल वाक्यको प्रयोगमा जोड दिनु उपयुक्त हुन्छ । निर्णय दिँदा वाक्यहरू केही लामा हुन्छन् तर वाक्यहरू जति लामा हुँदै जान्छन् त्यति नै दुर्बोध्य हुँदै जान्छन् (गौतम, २०६९ : ४५) । त्यसैले वाक्यलाई जबर्जस्ती लम्ब्याउनु राम्रो होइन । वाक्यहरूमा स्पष्टता, एकरूपता र मितव्ययिता जस्ता विशेषता हुनु आवश्यक छ । प्रत्येक वाक्यहरू पदक्रम मिलेका र शोधार्थीको विचार प्रवाह गर्ने खालका हुन आवश्यक छ । व्याकरणिक एकरूपता नभएको वाक्य फितलो हुने हुँदा यसमा ध्यान दिनु आवश्यक छ । त्यस्तै असल लेखनमा शोधार्थीले के भन्न खोजेको हो भन्ने क्षमता पनि देखिनु पर्छ ।

वाक्यलाई छरितो बनाउन छोट्याउनु आवश्यक पर्छ । यसका लागि विशेषण उपवाक्यका ठाउँमा कृदन्त रूपको प्रयोग गर्न सकिन्छ, जस्तै_ 'ती कविहरू सफल हुन्छन् जसका कवितामा भाव, ध्वनि र समयजनीन चेतनाको अत्यन्त बलियो संयोग हुन्छ' वाक्यलाई 'कवितामा भाव, ध्वनि र समयजनीन चेतनाको अत्यन्त बलियो संयोग भएका कवि सफल हुन्छन्' बनाउँदा भनाइ सहज र छरितो बनेको छ । छोटा वाक्य भनेर अति छोटा बनाउँदा त्यस्ता वाक्यले विचार प्रवाह गर्न नसक्ने र वाक्यहरू द्वयर्थक हुने खतरा पनि रहन्छ, जस्तै_ 'ऊ तौलेर काम गर्छ ' वाक्यलाई 'ऊ तौलन्छ । ऊ काम गर्छ ।' बनाउँदा अर्थ अस्पष्ट हुन्छ । कतिपय अभिव्यक्तिका निम्ति संयुक्त र मिश्र वाक्यको आवश्यकता पनि पर्छ । एकरसता तोड्नाका निम्ति पनि वाक्यका विविध रूपको प्रयोग गरिन्छ । 'यसमा प्रयोग गरिने भाषा लामो, फितलो र पुनरूक्तिपूर्ण नभई शृङ्खलित र कसिलो हुनु पर्छ' (पौडेल, २०६८ : ९_१०) ।

वाक्यहरू लामा छोटाभन्दा पनि अनुसन्धानमा कुनै समस्याका बारेमा शृङ्खलित विचार व्यक्त गरिन्छ । त्यसैले वाक्यहरू परस्परमा मिलेका हुनु पर्छ । कसिलो संशक्तिका कारण एउटा वाक्यभित्रका एकाइहरू एक अर्कासँग र एउटा वाक्य अर्को वाक्यसँग मिलेर रहेका हुन्छन् र भनाइ छरिँदैन । प्रत्येक अनुच्छेदको पहिलो वाक्यले कुनै न कुनै विचार प्रवाह गरेको हुन्छ र त्यसपछि आउने हरेक वाक्यले त्यही विचार र सन्दर्भलाई पुष्टि गरे मात्र वाक्यहरू बलिया हुन्छन् । कुनै वाक्यले गहन विचार बोकेको छ तर अरू वाक्यसँग मिलेर रहेको छैन भने त्यो वाक्य जुन अनुच्छेदमा मिल्छ त्यहीँ मिलाएर राख्नु पर्छ । मिलेन भने पुनर्लेखन गर्नु पर्छ वा कठोर सम्पादक बनेर हटाउनु पर्छ ।

अनुसन्धानका क्षेत्रमा खुला र फितलो अर्थ दिने वाक्यको प्रयोग उपयुक्त हुँदैन, जस्तै_'कस्केली कविहरूले राम्रा मुक्तक लेख्छन्' नभनेर 'कतिपय कस्केली कविहरूले राम्रा मुक्तक लेख्छन्' भन्दा वाक्य वस्तुगत बन्छ । त्यस्तै 'प्रेम विवाह असफल हुन्छ' जस्ता विवादस्पद भनाइले वाक्य कमजोर

बन्छ । यस्ता ठाउँमा प्रेम विवाह गर्ने अधिकांश व्यक्तिहरूको सम्बन्ध बिच्छेद बढ्दो छ' भन्नु उपयुक्त हुन्छ । वर्णन, विवरण मात्रै केन्द्रित नरही शोधमा विषयको व्याख्या, विश्लेषण र मूल्याङ्कन गर्नु पर्ने हुँदा भाषा सोही अनुकूलको वर्णनात्मक, विवरणात्मक, व्याख्यात्मक, विश्लेषणात्मक र मूल्याकङ्नात्मक प्रयोग गरिन्छ (पौडेल, २०६८ : ११) ।

समग्रमा वाक्यहरूका विविध रूपको प्रयोग गर्नु उपयुक्त भए पनि सरल वाक्य बोधगम्य हुने हुँदा यसमा जोड दिनु पर्छ । कथन फितलो र अर्थहीन भए शोधको महत्त्व खस्किन्छ ।

### ३. वस्तुपरक भाषा

शोध औपचारिक खोजी कार्य हो र यसको भाषा वस्तुपरक हुन्छ । अनुसन्धान प्रतिवेदन प्राविधिक लेखन भन्दा पनि बढी नै औपचारिक हुन्छ (जर्सन र जर्सन, २०१२ : ४४८) । यसमा मनोगत, भावात्मक, अस्पष्ट र काल्पनिक भाषाको प्रयोग हुनु हुँदैन । 'मानिस खाए मानिस होइन्छ,' 'अक्षर माथि निदाएको छु' जस्ता भावात्मक वाक्यको प्रयोग गर्नु हुँदैन । देवकोटाको प्रतिभा सबै विधामा समान देखिएको छ जस्ता वाक्य किन मनोगत हुन्छन् भने व्यक्तिको क्षमता सबै विधामा समान हुँदैन । सबै विधाको तुलनात्मक अध्ययन नगरी यस्ता विषयमा निष्कर्षमा पुग्न पनि सकिँदैन ।

'उसलाई समयले पछार्‍यो' कथन भावनात्मक छ । अनुसन्धानमा यस्ता वाक्यको प्रयोग उपयुक्त हुँदैन । उसले समय अनुसार प्रगति गर्न सकेन' लेख्दा भनाइ सोझो र स्पष्ट हुन्छ । त्यस्तै 'उसका आँखाका बाँधहरू भत्के' नभनेर 'उसले आँसु चुहायो' भन्दा कथन छोटो र मूर्त हुन्छ । यस्तो लाग्छ, अनुभूति हुन्छ, प्रतीत हुन्छ जस्ता मनोगत क्रियाको प्रयोग नगरी पुष्टि हुन्छ, गरेको छ, बनेको छ जस्ता निश्चयात्मक क्रियाको प्रयोगले भाषा वस्तुपरक बन्छ । त्यस्तै परिष्कारवादीहरू ठान्छन्, सोच्छन् जस्ता कथन मनोगत बन्ने हुँदा यस्तो भाषाको प्रयोग उपयुक्त हुँदैन ।

निगमनात्मक विधिले अंशको विस्तृत व्याख्या गर्न नसक्ने तर आगमनात्मक विधिले तथ्यको विश्लेषण गर्न सक्ने (शर्मा र लुइटेल, २०५२ : १२_१३) हुँदा आगमनात्मक विधिमा जोड दिनु उपयुक्त हुन्छ । पाठका पङ्क्तिहरू उद्धृत गर्दै र तिनलाई आधार बनाएर तथ्यलाई पुष्टि गर्ने काम आगमनात्मक विधिमा हुने हुँदा सारवस्तु वस्तुगत बन्छ ।

### ४. तार्किक भाषा

शोधकार्यको सामान्य भाषा भन्नु प्रायः तर्क भाषा हुन्छ (त्रिपाठी, २०६६ : ७८_७९) । शोधले खोज्ने प्रमाण हो । प्रमाणले शङ्का निवारण गर्ने आधार दिन्छ । अनुसन्धान प्रायः बौद्धिक व्यक्तिले बौद्धिक पाठकका निम्ति गरिने खोज भएकाले यसको भाषाले समस्यालाई तर्कपूर्ण रूपमा प्रस्तुत गर्छ । अनुसन्धान आफैंलाई पात्र बनाएर पनि हुन सक्छ । एउटा लेखकले आफ्नो वर्तमानको लेखन कला र दस वर्ष अगाडिको लेखन कलामा देखिएको समानता र विभेदको तुलना प्रतितुलना गर्छ भने त्यो कार्य बौद्धिक तार्किक कार्य बन्छ ।

तर्क हलुका भयो अथवा तथ्यमा टेकेर आएन भने स्वीकार्य हुँदैन । प्रेमपिण्ड नाटकको नायक को हो भनिएको प्रश्नमा 'नकुललाई नायक मान्नेहरू धेरै भएकाले नकुल नै नायक हो' भनी दिइएको तर्क शोधका पाठकका निम्ति स्वीकार्य छैन । 'नकुल र सविताको दुःखान्त प्रेम कथा नै प्रेमपिण्डको आधिकारिक कथानक हो अनि नकुल र सविताका पवित्र प्रेममा बाधा खडा गरी दुःखान्त घटित एडविलको कथा यस महानाटकको प्रासङ्गिक कथानक हो भन्ने देखिन्छ र यसबाट नकुल नायक

हुन् र एडविल खलनायक हुन्' (उपाध्याय, २०४५ : २३३) भनिएको वाक्य तार्किक बनेको छ । अनुसन्धानमा भनाइलाई पुष्टि गर्दै लैजानु पर्ने हुँदा यसको भाषा तार्किक र विश्लेषणात्मक बन्छ ।

अनुसन्धानमा तथ्य, विवरण र सूचना आवश्यक पर्छ तर तथ्य, विवरण र सूचना प्रस्तुत गर्दैमा अनुसन्धान बन्दैन । कृतिको सन्देश स्वीकार्य छ वा छैन, सन्देशलाई कृतिको संरचनाले सघाएको छ वा छैन, शैलीले विषयवस्तुलाई जाँदा लेखाइ आलोचनात्मक बन्छ । काव्यात्मक भाषालाई शब्दकोशमा लेखिएका अर्थहरूमा सीमित गर्न नसकिने हुँदा काव्यात्मक तत्त्वहरूको संयोजनमार्फत विभिन्न किसिमका अर्थहरू खोज्नु पर्ने हुन्छ र यसरी खोज्दा भाषा तार्किक बन्छ । विवादित विषय भए शोधार्थीले जे कुरा भन्न खोजेको हो, त्यसलाई सघाउने मत, उद्धरण खोज्छ र आफ्नो विचार को रक्षा गर्छ । यसो गर्दा पनि अभिव्यक्ति तार्किक बन्छ ।

**५.सामान्यतः कर्तृवाच्यको भाषा**

अनुसन्धानको भाषा स्पष्ट, सोझो, मूल्याङ्कनात्मक र निर्णयात्मक हुने हुँदा कर्तृवाच्यको भाषा प्रयो ग गर्नु उचित हुन्छ । कर्म र भाववाच्यले भनाइलाई स्पष्ट र निर्णयात्मक तुल्याउँदैनन् अनि निष्कर्ष कमजोर हुन्छ । कर्म वा भाव वाच्यमा लेख्दा पाठकले कर्ताबारे गलत अनुमान गर्छ,अनावश्वयक खतरा लिनु पर्छ, समय बरबाद हुन्छ (ग्राहम र ग्राहम,२००९ : १२३) । 'अन्तर विषयक ज्ञान, गहन अध्ययन र मौलिक दृष्टिकोण सौरभका लेखको शक्ति हो' भन्नु र 'शक्ति पाइन्छ/ठानिन्छ/मानिन्छ/दे खिन्छ' भन्नु एउटै होइन । 'पुलिसले गहना चोर्‍यो' भन्नु र 'गहना चोरियो' भन्नु एउटै होइन । 'गहना चोरियो'मा कर्ताको सक्रियता कमजोर छ र गहना हरायो भन्ने कुरामा बल परेको छ । 'पुलिसले गहना चोर्‍यो'मा पुलिस अपराध कर्ममा सक्रिय रूपमा संलग्न छ र ऊ दण्डको भागी छ भन्ने निष्कर्षमा पुग्न सहज भएको छ । प्रस्तुत वाक्यलाई कर्मवाच्यमा लेख्दा कर्ताका बारेमा गरिएको अनुमान गलत हुने खतरा हुन्छ । लक्ष्मीप्रसाद देवकोटाको शाकुन्तल महाकाव्यमा शार्दूलविक्रीडित छन्दका २२९ श्लोक छन् भन्नु र २२९ श्लोक भेटिन्छन् भन्नु एउटै होइन । खोज गर्नेले यस्ता ठाउँमा तोकेर भन्दा भनाइ वस्तुगत बन्छ । आफैंले श्लोक नगनी अरूका सामग्रीलाई आधार बनाउनेले तथ्यबाट जोगिन भेटिन्छन् जस्ता क्रियाको प्रयोग गर्छन् ।

केही वाक्यहरू यस्ता हुन्छन्, जसलाई कर्म वा भाववाच्यमा लेख्दा निष्कर्ष कमजोर बन्छ, जस्तै_

(क) समाचार कक्षमा न्यून सङ्ख्यामा उपस्थित महिला, जनजाति , दलित र मदेशी पत्रकार हरूलाई यो पेसामा टिकाउन उनीहरूले भोगिरहेका समस्या समाधान हुनु आवश्यक छ ।

(ख) राज्य पुनसंरचनाको प्रक्रियामा सामेल भए यता दलहरूले पुराना अधिकांश संयन्यत्रहरू भङ्ग गरे, नयाँ निर्माण गर्न सकेनन् ।

(ग) पारिजातका कविता नारी समस्यामा केन्द्रित छन् ।

(घ) लक्ष्मीप्रसाद देवकोटा कविका रूपमा सफल छन् ।

माथिको (क)मा समस्या समाधान हुन आवश्यक देखिन्छ लेख्दा कथन हास्यस्पद नै बन्छ । (ख)मा संयन्त्रहरू भङ्ग गरिए भन्दा दलहरूको दोष अन्य ठाउँमा सर्छ । (ग) र (घ)मा देखिएका छन् भन्दा निष्कर्ष कमजोर बन्छ । देखिन्छ/पाइन्छ/भेटिन्छ/ठानिन्छ /बुझिन्छ /मानिन्छ जस्ता क्रियापद किटेर भन्न नसक्दा अपनाइने मध्यममार्गी बाटो हो ।

शोध प्रक्रियाको अन्तिम सोपान निष्कर्ष हो । शोधकार्यको अन्त्यमा शोधार्थी कुनै न कुनै निष्कर्षमा पुग्नै पर्छ (जैन, १९८४ : ८२) । नेपाली भाषामा लेखिने अनुसन्धान प्रतिवेदनहरूमा कर्तृवाच्य हो इन, यथासम्भव कर्म र भाववाच्यको प्रयोग गर्न' पर्छ भन्ने परम्परा बसेको छ । सञ्जीव उप्रेतीको सिद्धान्तका कुरा शीर्षकको कृतिमा भने कर्तृवाच्यकै प्रयोग बढी छ । कतिपय कृतिमा वाच्यका सबै रूपको प्रयोग भएको छ र अन्तिम वाक्यमा कर्तृवाच्यको प्रयोग भएको छ, जस्तै–'सम दुःखान्त नाट्यकलाका एक नवीन विश्व प्रतिभा हुन पुगेका छन्' (उपाध्याय, २०४५ : ३९३) । देवकोटा... अहिलेसम्मका सर्वोपरि प्रतिभा ठहर्छन् (अवस्थी, २०६१ : ४५६) । ...कोइरालाको अस्तित्ववादी उपन्यासकारिताको विशिष्टता पुष्टि हुन्छ (पाण्डे, २०६२ : ३३७) । ...उनको ऐतिहासिक विशिष्टता रहेको पुष्टि हुन्छ (शिवाकोटी, २०६२ : ३९८) ।

प्रस्ताव र विषयवस्तुको उपस्थापन गर्दा ('जसलाई पछाडि पारिएको छ 'जस्ता केही सन्दर्भहरू), एकरसता तोड्न कर्म वा भाववाच्यको प्रयोग पनि सान्दर्भिक हुन्छ तर निर्णय दिँदा कर्तृवाच्यकै प्रयोग उपयुक्त हुन्छ । प्राज्ञिक लेखन गर्दा कसैले दोस्रो सामग्री प्रयोग गरे भने कर्तृवाच्यको प्रयो ग गर्दैनन् ।

त्यस्तै गर्न' पर्छ, हुनु पर्छ जस्ता आदेश जनाउने खालका क्रियापद पाठकमैत्री क्रियापद नहुनाले महत्त्व दिएर प्रयोग गर्नु हुँदैन ।

### ६.मानक भाषा

यो सरकार स्वीकृत भाषा हो (युल, २०१२ : १९४) । यो छापा, पाठ्यपुस्तक, अध्यापनमा प्रयोग हुने भाषा हो । कविता र नाटकमा भाषाका मानक नियम तोड्न अपेक्षाकृत सुगम हुन्छ (चतुर्वेदी, १९७५ : ५७) किनकि यी विधाको भाषिक प्रयोग बढी साङ्केतिक हुन्छ । आख्यान प्रयोगशील विधा भएकाले यसमा भाषाको तोडमोड हुन्छ । समीक्षामा भाषाको नियम तोड्नु उपयुक्त हुँदैन । शोधमा प्रयुक्त भाषा स्वीकृत व्याकरणसँग मेल खाने किसिमको हुन्छ । त्यसैले यसमा व्यक्ति बोली, भाषिका आदिको प्रयोग गरिँदैन । त्यस्तै वर्णविन्यासमा एकरूपता आवश्यक छ । एउटै शब्दकोशलाई आधार बनाउँदा एकरूपता कायम गर्न सहयोग पुग्छ । भाषाको मानक रूपको निर्धारण हुँदै गरेको अवस्था अथवा आधिकारिक संस्थाहरूले फरक फरक रूपलाई मान्यता दिँदा अन्योलको स्थिति पै दा भएको भए सम्बन्धित विषयका शोधविशेषज्ञ, विभाग, लेख प्रकाशित गर्नु पर्ने भए सम्पादकसँग राय लिई शोध प्रतिवेदनभरि एउटै रूपको प्रयोग गर्नु उपयुक्त हुन्छ ।

अति भावुकतापूर्ण शब्द र उद्गार चिह्नहरू दिएर लेखिएका तथा अन्त्यमा क्रियापद नभएका वाक्यहरू पनि शोधप्रबन्धका निम्ति उपयुक्त हुँदैनन् (बन्धु, २०६५ : १२३) । तथ्य वा सूची तयार पार्दा, बुँदा बनाउँदा, अनुसन्धानबाट प्राप्त तथ्यलाई तालिकीकरण गर्दा क्रियापदहीन वाक्यको प्रयो ग हुन्छ । समग्र शोधसारलाई नै एकै गणितीय तालिका वा सांख्यिकीय चित्रमा संश्लेषण गरेर गर्न सकिन्छ (पौडेल, २०६८ : ११) ।

त्यस्तै अनुसन्धानमा तथ्य सङ्कलन गर्ने क्रममा प्रश्नावली निर्माण गर्दा र शोध समस्याको कथनमा प्रश्नार्थक वाक्य आवश्यक हुन्छ तर विश्लेषण गर्दा र निष्कर्ष प्रस्तुत गर्दा प्रश्नार्थक र इच्छार्थक वाक्यको प्रयोग गरिँदैन । काल र पक्षमा पनि एकरूपता आवश्यक छ अंशतः सामान्य वर्तमान काल र मूलतः पूर्ण वर्तमान कालको प्रंयोग गर्नु पर्छ ।

**७.अभिधामूलक भाषा**

अनुसन्धानमा प्रयोग गरिने भाषा लाक्षणिक, व्यञ्जनात्मक वा ध्वन्यात्मक नभएर अभिधामूलक हुन्छ । ध्रुवचन्द्र गौतमकृत अलिखित उपन्यासको विश्वनाथ बिच्छी हो नभनेर खतरनाक पात्र हो भन्दा अभिव्यक्ति अभिधामूलक हुन्छ । यसमा विचलनयुक्त (हिमाल मौन थियो, रात निदाउँछ), आलङ्कारिक (वगैंचाभरी रत्न फल्छ, सुनको विहान), बिम्ब (मिठो मुस्कान, फक्कड हावा, झिनामसिना हारहरू), अनुकरणात्मक शब्द (पुरूषत्व सरक्क उठ्न थालिसकेको थियो)को प्रयोग सामान्यतः गरिँदैन ।

**८. सामान्य आदरार्थी भाषा**

अनुसन्धानमा पात्रका बारेमा चर्चा गर्दा आदारार्थीको प्रयोग हुँदैन, जस्तै_ बसाइँ उपन्यासको धने आवेगी पात्र हो तर स्रष्टाको चर्चा गर्दा सामान्य आदारार्थीको प्रयोग हुन्छ, जस्तै_ लीलवहादुर क्षेत्रीले बसाइँ उपन्यास लेखेका हुन् ।

स्रष्टालाई उच्च आदरको प्रयोग गर्दा शोधार्थी भावुक हुन्छ भनेर यस्तो परम्परा बसेको हो । पात्रलाई आदर गर्दा शोधार्थीले पात्रको कठोर आलोचना गर्न सक्तैन भन्ने हो । शोधनायकलाई प्रोज्ज्वल, अभियन्ता, सशक्त प्रतिभशाली भनेर चाकडी गर्न थालियो भने भाषा पाठकमैत्री हुँदैन । विशेषणका भारले कृति र कृतिकार थिचिए भने निष्कर्ष भावुक बन्छ ।

**९.एकै भाषा**

अनुसन्धानको मूल पाठ एकै भाषामा हुन्छ । यसमा सैद्धान्तिक विमर्श गर्दा वा मत निर्माण गर्दै गर्दा अङ्ग्रेजी, हिन्दी, संस्कृत जस्ता अन्य भाषाका कुराहरू उद्धृत गर्नु पर्ने पनि हुन्छ । त्यस्तो अवस्था भए मूल पाठमा उद्धृत अंश नराखी त्यसको अनुवाद वा मूल भावलाई जुन भाषामा शोध प्रबन्ध लेखिएको छ त्यसैमा दिएर अन्य भाषाको मूल स्वरूपलाई पादटिप्पणीमा उल्लेख गरिन्छ । अन्य भाषाका वाक्यलाई नेपालीमा अनुवाद गरेपछि त्यसमा उद्धरण चिहन दिने वा नदिने भन्ने विषयमा एकरूपता देखिएको छैन । दिए सबै ठाउँमा दिनु पर्छ र नदिए कतै पनि दिनु हुँदैन । उही र उस्तै खालका कथनमा कतै एकसरो उद्धरण र कतै दोहोरो उद्धरण पनि दिनु हुँदैन ।

**१०. पूर्वाग्रहरहित भाषा**

शोधार्थीले शोधकार्य गर्दा जाति, लिङ्ग, वर्ग, वर्ण, सम्प्रदाय, क्षेत्र, शारीरिक अशक्तता जस्ता कुरालाई अरूको भावनामा चोट नपुग्ने गरी प्रस्तुत गर्नुपर्छ, जस्तै– गाइने, दमाईं, कामी, भोटे जस्ता जातिलाई गन्धर्व, दर्जी (परियार/नगर्ची), विश्वकर्मा, हिमाली (तिब्बती ?) भन्न थालिएको छ । पहाडे, मदिसे नभनेर पहाडिया / पहाडी, मदेशी/मदेशिया भन्नु पर्छ । त्यस्तै स्वास्नीमान्छेलाई महिला, वेश्यालाई यौनकर्मी, लोग्नेमान्छेलाई पुरूष, नपुंसकलाई तेस्रो लिङ्गी, बुढाबुढीलाई ज्येष्ठ नागरिक, म्यान पावरलाई जनशक्ति, सभापति (च्यरपसन)लाई सभाध्यक्ष, हेडमास्टरलाई हेडटिचर, पिछडा वर्गलाई सिमान्तकृत, गरिबलाई अवसरविहीन, लाटालाई बहिरो वा फरक क्षमताको धनी, अन्धालाई दृष्टिविहीन, खातेलाई सडक बालबालिका, निमकलाई पारिश्रमिक वा ज्याला भन्नु उपयुक्त हुन्छ । पुरेत्याइँवाद र ब्राहमणवाद भन्दा हिन्दू धर्माबलम्बीलाई हेपेको हुने हुँदा कर्मकाण्डवाद भन्नु उपयुक्त हुन्छ किनकि सबै धर्मका पुरोहित कर्मकाण्डी नै हुन्छन् ।

### ११. सही शब्दको छनोट

शोधार्थीको एउटा महत्त्वपूर्ण विशेषता भनेको शब्दको चयन गर्दा सचेतता अपनाउनु हो । शीर्षक चयनदेखि निष्कर्ष खण्डसम्म नै शब्द छनोट गर्दा शोधार्थी सचेत बन्नु पर्छ , जस्तै_ मायावी यथार्थवाद र सेतो बाघको कृतिपरक अध्ययन भनियो भने कुरा मिल्दैन । मायावी यथार्थवाद भने को पनि कृतिपरक अध्ययन नै हो । त्यस्तै कथाकार विजय मल्लका कथाको अध्ययन भन्नु भन्दा विजय मल्लका कथाको अध्ययन भन्दा शीर्षक छरितो हुन्छ ।

असङ्ख्य, अनगिन्ती, अवर्णनीय जस्ता शब्द लेख्दा ख्याल गर्नु पर्छ । 'नेपालमा अनगिन्ती हिन्दू छन्' भन्नु किन उपयुक्त हुँदैन भने दस दस वर्षमा जनगणना हुन्छ र हिन्दूको संख्या कति छ भन्ने कुरा किटान हुँदै आएको विषय हो ।

त्यस्तै स्रष्टा वा कृतिलाई अद्वितीय, अद्भूत, अतुलनीय जस्ता विशेषण दिँदा त्यस्तै आधार जुटाउनु पर्छ । शोधार्थीले आवेगमा आएर लेख्नु हुँदैन (पन्त, २०१० : ४२४) ।

### १२.पर्यायवाची शब्दको कम प्रयोग

उही र उस्तै खालका शब्द थुपारेर लेखलाई लम्ब्याउनु हुँदैन, जस्तै_ 'मदनका कामना पूरा भएनन्' भने पुग्नेमा 'मदनका कामना, चाहना, इच्छा, आकाङ्क्षा पूरा भएनन्' भन्नुको अर्थ छैन । त्यस्तै 'ऊ गनिएको र मानिएको प्रतिष्ठित व्यक्ति हो' नभनेर 'ऊ प्रतिष्ठित व्यक्ति हो' भनेपछि कुरा स्पष्ट हुने हुँदा भनाइ लामो तुल्याउनुको कुनै अर्थ छैन । सिर्जनात्मक लेख लेख्दा भने गीत कवितामा मात्र नभएर गद्यमा पनि शब्द, पङ्क्ति र व्याकरणिक एकाइहरू शब्दशः पुनरावृत्त हुन्छ । कृतिमा प्रयुक्त पात्र कर्ता हो वा कर्म भनी किटान गर्दा थोरैमा धेरै कुरा भन्न सकिन्छ ।

### १३. अन्य

अनुसन्धान लेखन नियमित रूपमा र लगातार गरिने प्रक्रिया हो । भाषामाथि अधिकार जमाउन, भन्न खोजेको कुरा लेख्न र आलोचनात्मक दृष्टि निमार्ण गर्न नियमित रूपमा लाग्नु आवश्यक छ । पहिलो खेस्रा तयार भएपछि शोधार्थीले पुनर्लेखनका लागि केही समय कुरेर अन्तिम रूप दिनु पर्छ (अधिकारी, २००७ : ६०) । उद्धृत वाक्य, वाक्यांश र शब्द मूलसँग मिल्दो छ वा छैन तुलना गरी हेर्नु आवश्यक छ । वर्णविन्यासमा दुविधा भए शब्दकोश हेर्ने, अल्पविराम, अर्द्धविराम आवश्यक पर्ने कतिपय वाक्य हुन्छन् , त्यस्ता वाक्य छानेर हेर्ने गर्नु पर्छ । वाक्यहरू काँटछाँट गर्ने, लामा वाक्यहरू टुक्र्याउने, अति छोटा लागे जोड्ने, अनुच्छेदमा नजोडिएका वाक्यहरू हटाउने कुरामा शोधार्थी सचेत हुनु आवश्यक छ । एकता, व्यवस्थापन, स्पष्टता र चमक अनुसन्धानका विशेषता हुन् (बार्नेट र केन, २००६ : २९) । अनुसन्धान पूरा हुँदै गर्दा यस्ता कुरामा ध्यान दिनु आवश्यक छ । त्यस्तै अरूका विचार र वाक्यलाई स्रोत नदिई सार्दा ठगीको आरोप लाग्छ भन्ने कुरामा सचे त हुनु जरूरी छ ।

### १३. निष्कर्ष

समग्रमा भन्दा सिर्जनात्मक लेखन वा सामान्य अखबारी लेखनको भन्दा अनुसन्धानको भाषा केही पृथक् हुन्छ भन्ने कुरा निम्न लिखित बुँदाबाट पुष्टि हुन्छ :

(क) अनुसन्धानलाई गहन बनाउन तार्किक, वस्तुपरक र मानक भाषाको प्रयोग उपयुक्त हुन्छ ।

वाक्य छोटा छरिता, आकर्षक र प्रभावशाली भएका खण्डमा विचार स्पष्टसँग व्यक्त हुन्छ ।

(ख) क्रमबद्ध र व्यवस्थित रूपमा विचार प्रकट गर्दा वाक्यहरू बलिया हुन्छन् किनकि एउटा वाक्यको सम्बन्ध अर्को वाक्यसँग भयो भने विचार द्वयर्थक बन्दैन र प्रस्तुति पाठक मैत्री बन्छ ।

(ग) कर्तृवाच्यको प्रयोगले स्पष्ट निर्णय दिन सघाउने हुँदा कर्तृवाच्यको प्रयोगमा जोड दिनु उपयुक्त हुन्छ ।

(घ) आलङ्कारिक, व्यञ्जनात्मक भाषाले ठोस विचार प्रकट नगरी साङ्केतिक तथा प्रतीकात्मक विचार प्रकट गर्ने हुनाले शोधार्थीले स्थापित गर्न खोजेको कुरा मूर्त रूपमा आउँदैन ।

(ङ) शोधार्थीले सुरूदेखि अन्त्यसम्म वर्णविन्यासगत एकरूपता कायम गर्नु पर्छ ।

**सन्दर्भ सूची**


अवस्थी, महादेव (२०६१) .*लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकरिता.* काठमाडौं : एकता बुक्स ।

उपाध्याय, केशवप्रसाद . (२०४५) . *समको दुःखान्त नाट्य चेतना* . काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

उप्रेती, सञ्जीव (२०६८) . *सिद्धान्तका कुरा* . काठमाडौं : अक्षर क्रियसन्स नेपाल ।

कुमार, सुरेश (सन् २००१) . *शैलीविज्ञान . दोस्रो संस्क.* नयी दिल्ली : वाणी प्रकाशन ।

गौतम, देवीप्रसाद (२०६९) . *'कानुनी नेपाली वाक्य ढाँचा' . राजमार्ग* . वर्ष ४ . अङ्क १ . पृ. ४२–४५ ।

चतुर्वेदी, राम स्वरूप (सन् १९७५) . *'समकालीन उपन्यास : भाषिक प्रयोग के नयाँ स्तर'* .आधुनिक हिन्दी उपन्यास . सम्पा. नरेन्द्र मोहन . दिल्ली : दी मैकमिलन कम्पनी *इन्डिया लिमिटेड* ।

जैन. रवीन्द्र कुमार (सन् १९८४) . *साहित्यिक अनुसन्धान के आयाम* . दिल्ली : नेसनल पब्लिसिंङ हाउस ।

त्रिपाठी, वासुदेव (२०६६) . *साहित्य सिद्धान्त* : शोध तथा सृजन विधि . काठमाडौं : पाठ्य सामग्री पसल ।

पाण्डे, ज्ञानू (२०६२) . *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद* . काठमाडौं : नेपाली आख्यान समाज ।

पौडेल, विष्णुप्रसाद (२०६८) . *'भाषाको प्रयोजनपरक भेद र अनुसन्धानको भाषा'* . शब्दशिल्प . वर्ष १. अङ्क १ .
पृ. ७_१२ ।

पौडेल, शिवप्रसाद (२०६६) . 'अनुसन्धानको भाषाशैली' . *पृथ्वीदर्पण* . वर्ष १ . अङ्क १ . पृ. २१४_२१७ ।

बन्धु, चूडामणि (२०६५) . *अनुसन्धान तथा प्रतिवेदन लेखन.* दो. संस्क. काठमाडौं : रत्न

पुस्तक भण्डार ।
शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०५२) . *शोधविधि* . ललितपुर : साझा प्रकाशन ।
शिवाकोटी, रमा (२०६२) . *उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता* . काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन ।
Adhikari, Nirmal P. (2007). *A Handbook for Research Writing*. Kathmandu: Pairavi Prakashan.
Arora, V. N. (2012). *Improve Your Writing*. 22nd impression. New Delhi: Oxford University Press.
Bernet, Sylvan & Willim E. Cain. (2006). *A Short Guide to Writing about Literature*. Delhi: Pearson Education.
Gerson, Sharon J. & Steren M. Gerson. (2012). Technical writing. 6th impression. New Delhi: Pearson.
Gibaldi, Joseph. (2003). *MLA Handbook for Writers of Research Papers*. 6th ed. New Delhi: Affilited West Press Pvt Ltd.
Graham, Daniel and Judith Graham. (2009). Can Do Writing. New Jersey : John Wiley and Sons.
Pant, Prem R.(2010). Social Science Research and Thesis Writing. Reprint. Kathmand : Buddha Academic Enterprises Pvt. Ltd.
Yule, George. (2008). *The Study of Language*. South Asian ed. New Delhi: Brijbasi Art Press Ltd.